# नागरिक सहभागिता नीति, २०८२

खप्तड छान्ना गाउँपालिका

बझाङ

# बिषयसूची


| | | |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | वर्तमान स्थिति | १ |
| ३. | समस्या तथा चुनौतीहरु | २ |
| ४. | नयाँ नीतिको आवश्यकता | २ |
| ५. | दूरदृष्टि (Vision) | ३ |
| ६. | परिदृष्य (Mission) | ३ |
| ७. | लक्ष्य (Goal) | ३ |
| ८. | उद्देश्यहरु (Objectives) | ३ |
| ९. | रणनीति र कार्यनीति | ३ |
| १०. | संस्थागत संरचना | ८ |
| ११. | बित्तिय स्रोत व्यवस्थापन | ८ |
| १२. | कानुनी व्यवस्था | ९ |
| १३. | जोखिम अनुमान र व्यवस्थापन | ९ |
| १४. | अनुगमन मूल्यांकन | १० |
| १५. | नीति पुनरावलोकन | १० |
| नागरिक सहभागिता कार्ययोजना | | ११ |

# खप्तड छान्ना  गाउँपालिका

## नागरिक सहभागिता नीति,२०८२

कार्यपालिकाबाट पारित भएको मितिः २०८२।०३।२२

### १. पृष्ठभूमि

नेपालको संविधानले अवलम्बन गरेको संघीय शासन प्रणाली अन्तर्गत स्थानीय सरकार नागरिकको नजिकको सरकार हो। यसलाई जनउत्तरदायी, पारदर्शी, समावेशी र सहभागी बनाउन नागरिक सहभागिता आवश्यक हुन्छ। नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्मको प्रक्रियामा नागरिकको अर्थपूर्ण उपस्थिति सुनिश्चित गर्न स्पष्ट नागरिक सहभागिता नीतिको आवश्यकता छ। खुलापन, पारदर्शिता र समावेशिता लोकतन्त्रको मेरुदण्ड हुन्, जसले जनविश्वास, जवाफदेहिता, सामाजिक न्याय र दिगो बनाउन महत्वपूर्ण सहयोग पुर्याउँदछ ।

नेपालको संविधानले नागरिक सहभागितासहितको लोकतान्त्रिक मूल्य र सुशासन प्रवर्द्धन गर्ने राज्यको नीति उल्लेख गरेको छ। संविधानका मौलिक हकहरूमा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक, सामाजिक न्याय तथा समावेशीकरण जस्ता विषयहरूलाई समेटिएको छ। त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (५) मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवी, विषयविज्ञ, अनुभवी पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाको अधिकतम सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरिएको छ। यसैगरी, संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ३ मा संघीय संरचनाका तहहरू -संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध र समन्वयका आधारहरू उल्लेख गरिएको छ। उक्त दफाले समानुपातिक, समावेशी र सहभागितामूलक शासन व्यवस्था अवलम्बन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ।

नेपालको संविधानको धारा २२६ को उपधारा (२) बमोजिम स्थानीय तहमा कानुन निर्माणको प्रक्रिया सम्बन्धित प्रदेशको कानुन बमोजिम सञ्चालन हुने व्यवस्था गरिएको छ। यसै अनुसार, सुदूरपश्चिम प्रदेश सरकारले जारी गरेको "स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५" को दफा ७ मा कानुन निर्माणको प्रारम्भिक

चरणमा नै सम्बन्धित वडावासीबाट सुझाव संकलन गर्नुपर्ने व्यवस्था गरिएको छ। यसले विधेयक मस्यौदाको प्रारूपमा प्रत्यक्ष नागरिक सहभागिता सुनिश्चित गरेको छ।

यसका साथै, "स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८" ले योजना तर्जुमाका सातवटै चरणहरूमा नागरिक सहभागितालाई अनिवार्य रूपमा समावेश गरेको छ। दिग्दर्शनले योजना तर्जुमामा नागरिकका आवश्यकता, सरोकार, तथा प्राथमिकताहरूलाई समेट्न आवश्यक सार्वजनिक परामर्श, वडास्तरीय छलफल, र सहभागीमूलक प्रक्रिया अपनाउनुपर्ने प्रष्ट पारेको छ।

संविधान र बिभिन्न कानुनले स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता तथा उत्तरदायित्व सुनिश्चित गर्दै स्थानीय तहमा जनउत्तरदायी, समावेशी र प्रभावकारी कानुन तथा योजना निर्माण प्रक्रियालाई संस्थागत गर्ने उद्देश्य राखेका छन्।

## २. **वर्तमान स्थिति**

नेपालको संविधान, सम्बन्धित कानुनहरू तथा नीतिगत मार्गदर्शनहरूले नागरिक सहभागितामूलक योजना प्रक्रियाको सुनिश्चितताका लागि स्पष्ट व्यवस्था गरेका छन्। यद्यपि व्यवहारमा यसको कार्यान्वयन स्थानीय सरकारमा प्रभावकारी बन्न सकेको छैन।  लक्षित समूहहरू (जस्तैः महिला, दलित, युवा, अपांगता भएका व्यक्ति लगायत)लाई परामर्श प्रक्रियामा समावेश गराउने औपचारिकता पूरा गरिए पनि उनीहरूको अर्थपूर्ण सहभागिता संस्थागत ढंगले अझैपनि हुन सकिरहेको छैन। वडाहरूले बस्तीस्तरमा योजना सम्बन्धी बैठकहरू सञ्चालन गर्ने गरेका छन्, तर लक्षित समूहका लागि छुट्टै परामर्श बैठकहरूको अभ्यास नियमित र व्यवस्थित रूपमा हुन नसकेको अवस्था छ। योजना तर्जुमा प्रक्रियामा आवश्यक प्राविधिक जनशक्ति, समन्वय क्षमता तथा स्रोतसाधनको अभावले गर्दा सहभागी प्रक्रिया कतिपय अवस्थामा औपचारिकतामा सीमित हुने गरेको छ। यसैगरी स्थानीय कानुन निर्माणका क्रममा नागरिक सहभागितालाई खासै ध्यान दिन सकिएको छैन। स्थानीय सरकारको खुलापन, पारदर्शिता र जवाफदेहितामा थप सुधारको आवश्यकता रहेको छ।

## ३. **समस्या तथा चुनौतीहरु**

नेपालमा नागरिक सहभागिता सम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरू स्पष्ट भए तापनि यसको प्रभावकारी कार्यान्वयनमा विभिन्न समस्या र चुनौतीहरू रहेका छन्। बहुसंख्यक नागरिकलाई आफ्नो सहभागिताको अधिकार तथा नीति, योजना र बजेट प्रक्रियामा सहभागी हुने तरिका र अवसरबारे पर्याप्त जानकारी नहुनु, प्रक्रियागत जटिलता, खुलापनको अभाव तथा अपारदर्शिता, र सामाजिक दृष्टिले पछाडि पारिएका समुहहरूको असल प्रतिनिधित्व नहुनु प्रमुख चुनौतीका रुपमा रहेका छन्। साथै, सीमित स्रोतसाधन, जनशक्तिको कमि तथा सूचना प्रवाहको अप्रभावकारिता र जवाफदेहिता तथा अनुगमन संयन्त्रहरूको प्रभावहीनता जस्ता समस्याले नागरिक सहभागिता औपचारिकतामै सीमित हुन सक्ने अवस्था हुन्छ। यी चुनौतीहरूको समाधान बिना नागरिक सहभागिता केवल कागजी घोषणामा मात्र सीमित हुने र सुशासनको उद्देश्य हासिल गर्न कठिन हुने हुँदा रणनीतिक, संरचनागत तथा व्यवहारगत सुधार अत्यावश्यक छ।

## ४. **नयाँ नीतिको आवश्यकता**

लोकतान्त्रिक शासन प्रणालीलाई मजबुत पार्न नागरिक सहभागिता अत्यन्त महत्वपूर्ण बिषय हो, यसले साथै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र जनउत्तरदायित्व सुनिश्चित गर्छ। जब नागरिकहरू नीति निर्माण, योजना तर्जुमा, बजेट निर्माण र कार्यान्वयन प्रक्रियामा सक्रिय रूपमा सहभागी हुन्छन्, त्यस्ता कार्यक्रमहरु उपयोगी, जनमुखी र परिणाममुखी बन्न सक्दछन्। यसले स्थानीय सरकारको कार्यसम्पादन प्रति जनताको विश्वास बढाउँछ साथै सार्वजनिक स्रोतसाधनको प्रभावकारी उपयोगमा सहयोग पुऱ्याउँछ। नागरिक सहभागिता समावेशी शासन व्यवस्थाको मूल आधार हो, जसले महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र पछाडि पारिएका समुदायहरूको समस्या पहिचान गरी अधिकार प्रचलन गराउँन मद्दत गर्दछ। त्यसैले, स्थानीय सरकारको निर्णय प्रक्रियामा नागरिकको सहभागिता प्रोत्साहन गर्ने नीतिगत, संरचनागत तथा प्रक्रियागत व्यवस्था गर्न यो नीतिको तर्जुमा गरिएको हो।

## ५. **दूरदृष्टि (Vision)**

"सन्तुष्ट नागरिक, सबल स्थानीय शासन"

## ६. **परिदृष्य (Mission)**

खुलापना, पारदर्शिता र समावेशी नागरिक सहभागिताद्वारा स्थानीय लोकन्त्रको सुदृढीकरण

## ७. लक्ष्य (Goal)

स्थानीय सरकारका कामकारबाहीहरुलाई पारदर्शी, जवाफदेही, सहभागितामूलक र समावेशी बनाई लोकतन्त्रको लाभ स्थानीय नागरिकमा समान रुपमा वितरण गर्ने।

## ८. उद्देश्यहरु (Objectives)

८.१. स्थानीय शासन प्रणालीमा नागरिकहरूको प्रभावकारी सहभागिता सुनिश्चित गर्ने, र

८.२. स्थानीय सरकारको कार्यप्रणालीमा पारदर्शिता, खुलापन र जवाफदेहिता प्रवर्द्धन गरी उत्तरदायी शासन व्यवस्थाको सुदृढीकरण गर्ने।

## ९. नीतिहरु

यस नीतिले लिएका उद्देश्यहरू हासिल गर्न देहाय बमोजिमका नीति अख्तियार गरिनेछ;

९.१. स्थानीय सरकारका विद्यमान नीतिगत तथा कानुनी व्यवस्थाहरूको समिक्षा र आवश्यक संशोधन गरिनेछ, साथै नागरिक सहभागिता प्रवर्द्धन गर्ने नयाँ कानुनी व्यवस्था पहिचान गरी समावेश गरिनेछ।

९.२. स्थानीय सरकार अन्तर्गत रहेका विभिन्न संस्थागत संरचनाहरूमा नागरिकको समावेशी सहभागिता सुनिश्चित गरिनेछ।

९.३. सामाजिक समावेशिता प्रवर्द्धन तथा पछाडि पारिएका समुदायहरूको आवाज प्रतिनिधित्व गराउने उद्देश्यले आवश्यक संस्थागत संयन्त्रको विकास गरिनेछ।

९.४. गाउँपालिका को योजना तर्जुमा, कार्यान्वयन, गुणस्तर निगरानी तथा अनुगमनका बिभिन्न चरणहरूमा नागरिकको अधिकतम सहभागिता सुनिश्चित गरिनेछ।

९.५. स्थानीय सरकारले निर्माण गर्ने नीति तथा कानुनहरूको तर्जुमा प्रक्रियामा नागरिकको सक्रिय सहभागिता गराइनेछ, विशेषगरी ती नीतिरकानुनबाट प्रत्यक्ष प्रभावित हुने व्यक्ति तथा संस्थाहरूको सहभागिता सुनिश्चित गरिनेछ।

९.६. सार्वजनिक सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्थापकीय संयन्त्रहरूको स्थापना गरिनेछ।

९.७. स्थानीय सञ्चार माध्यम तथा खुला मञ्चहरूमार्फत नागरिकलाई आफ्ना विचार, माग तथा सुझाव अभिव्यक्त गर्ने वातावरण सृजना गरिनेछ।

९.८. सरकारको कार्यप्रणालीमा पारदर्शिता, खुलापन र जवाफदेहिता प्रवर्द्धन गर्न सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगसम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ र तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

९.९. गाउँपालिका मार्फत सञ्चालन गरिने विभिन्न विकास निर्माणका कार्यहरुमा नागरिकको सहभागिता गराइनेछ।

## १०. **रणनीति र कार्यनीति**

१०.१. स्थानीय सरकारका विद्यमान नीतिगत तथा कानुनी व्यवस्थाहरूको समिक्षा र आवश्यक संशोधन गरिनेछ, साथै नागरिक सहभागिता प्रवर्द्धन गर्ने नयाँ कानुनी व्यवस्था पहिचान गरी समावेश गर्न देहायका रणनीति र कार्यनीति लिइनेछ;

(क) गाउँपालिका का बिद्यमान कानुनको समिक्षा गरी नागरिक सहभागिताको सवाललाई यथोचित रुपमा समावेश गर्न संशोधनको प्रक्रियामा लगिनेछ,

(ख) उपभोक्ता समितिको गठन तथा परिचालन सम्बन्धी कार्यविधिको पुनरावलोकन गरी योजनाको व्यवस्थापन, कार्यान्वयन, अनुगमन र सामाजिक परीक्षणमा उपभोक्ताको सहभागी सुनिश्चित हुने गरी कानुनी व्यवस्थाप गरिनेछ,

१०.२. स्थानीय सरकार अन्तर्गत रहेका विभिन्न संस्थागत संरचनाहरूमा नागरिकको समावेशी सहभागिता सुनिश्चित गर्न देहायका रणनीति र कार्यनीति लिइनेछ;

(क) गाउँपालिका ले निर्माण गर्ने बिभिन्न संस्थागत संरचनाहरु जस्तैः उपभोक्ता समिति, कार्यदल, अभियानमा नागरिकको समावेशी सहभागिता सुनिश्चित गरिनेछ,

(ख) स्थानीय कानुन निर्माणका क्रममा सम्बन्धित कानुन अन्तर्रगत रहने समितिहरुको संरचनामा नागरिक सहभागितालाई बिशेष ध्यान दिइनेछ,

(ग) गाउँपालिका मा सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतका समुदायका समूह तथा सञ्जाल गठन तथा परिचालन गरिनेछ।

१०.३. सामाजिक समावेशिता प्रवर्द्धन तथा पछाडि पारिएका समुदायहरूको आवाज प्रतिनिधित्व गराउने उद्देश्यले आवश्यक संस्थागत संयन्त्रको विकास गर्न देहायका रणनीति र कार्यनीति लिइनेछ;

(क) समावेशी सिद्धान्तका आधारमा बस्ती स्तरका टोल विकास संस्थाहरु गठन र परिचालन गरिनेछ,

(ख) गाउँपालिका बाट कार्यान्वयन हुने प्रचलित खरिद सम्बन्धी कानुनले तोकेको सिमा भित्रका योजनाहरु उपभोक्ताबाट कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ र यसको कार्यान्वयन तथा व्यवस्थानका लागि गठन हुने उपभोक्ता समितिमा समावेशी सहभागितालाई ध्यान दिइनेछ, र

(ग) यस नीतिको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा कार्यान्वयन मापनका लागि स्थानीय बुद्धिजीवी, विषयविज्ञ, अनुभवी पेशाविद्, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सरोकारवालाको सहभागितमा एक नागरिक सहभागिता प्रवर्द्धन समिति गठन गरिनेछ।

१०.४. गाउँपालिका को योजना तर्जुमा, कार्यान्वयन, गुणस्तर निगरानी तथा अनुगमनका सम्पूर्ण चरणहरूमा नागरिकको अधिकतम् सहभागिता सुनिश्चित गर्न देहायका रणनीति र कार्यनीति लिइनेछ;

(क) गाउँपालिका को राजश्वको दर रेट निर्धारणका क्रममा तथा आगामी बर्षको राजश्व प्रक्षेपण गर्दा सम्बन्धित करदाता तथा करदाताहरुका संघ संगठनहरुसँग परामर्श गरिनेछ,

(ख) स्थानीय तहको बार्षिक योजना तर्जुमा प्रक्रियाको दोस्रो चरण अन्तर्गत बार्षिक नीति तथा कार्यक्रम तर्जुमा पूर्व तथा बार्षिक नीति तथा कार्यक्रम तर्जुमा पश्चातको बस्ती स्तरीय भेलामा समावेशी नागरिक सहभागिताको सुनिश्चितका लागि समयमै सूचना प्रवाह, सहभागिताको अभिलेख तथा उनीहरुका आवाजहरुको व्यवस्थित अभिलेखन गरिनेछ,

(ग) नागरिकको सहभागिताबाट छनौट भएका विकासका आयोजनाहरुलाई गाउँपालिका को आयोजना बैंकमा समावेश गरी अभिलेख राखिनेछ र उक्त योजना बैंकमा रहेका योजनाहरु प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गरिनेछ,

(घ) वार्षिक योजना तर्जुमा प्रक्रियामा बस्तीस्तरका भेलाका अतिरिक्त वडास्तरमा लक्षित समूह (सिमान्तकृत, लोपोन्मुख, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिक) का लागि विशेष परामर्श भेलाको व्यवस्था गरी उनीहरूको विषयवस्तु समेटिने सुनिश्चितता गरिनेछ, र

(ङ) आयोजनको गुणस्तर निगरानी, अनुगमन तथा मूल्यांकनमा सम्बन्धित उपभोक्ताहरुको सहभागिताको सुनिश्चित गर्ने।

१०.५. स्थानीय सरकारले निर्माण गर्ने नीति तथा कानुनहरूको तर्जुमा प्रक्रियामा नागरिकको सक्रिय सहभागिता गराइनेछ, विशेषगरी ती नीति र कानुनबाट प्रत्यक्ष प्रभावित हुने व्यक्ति तथा संस्थाहरूको सहभागिता सुनिश्चित गर्न देहायका रणनीति र कार्यनीति लिइनेछ;

(क) कुनै पनि सार्वजनिक सरोकारको बिषयमा नीति निर्माण गर्दा तथा निर्णय लिनु पुर्व सो बिषयसँग सम्बन्धित बिज्ञ, स्थानीय सरोकारवाला तथा समबन्धित बिषयका स्थानीय जानकार र उक्त निर्णयबाट प्रभावित हुने नागरिकहरुसँग परामर्श लिइनेछ,

(ख) स्थानीय सरकारका एकल तथा साझा अधिकारहरुका बिषयमा कानुन निर्माणका क्रममा पुर्वविधायकी चरण अन्तर्गत कानुनको आवश्यकता पहिचान र मस्यौदा उपरको सुझाव संकलन गर्दा, बिधायिकी चरण अन्तर्गत सभामा बिधेयक पेश भए पश्चात संशोधन पेश गर्नु पूर्व नागरिकको सुझाव संकलन गरिनेछ, र

(ग) स्थानीय सरकारको कुनै पनि सेवाको सेवा प्रवाह सम्बन्धी कार्यविधि निर्माणका क्रममा उक्त कार्यविधिबाट प्रभावित हुने नागरिक र सरोकारवालाको राय सुझाव संकलन गर्ने।

१०.६. सार्वजनिक सेवामा नागरिकको सहज पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्थापकीय संयन्त्रहरूको स्थापना गर्न देहायका रणनीति र कार्यनीति लिइनेछ;

(क) सेवा प्रक्रिया पारदर्शी, सरल र नागरिकमैत्री बनाई सार्वजनिक सेवाको उपयोगमा सहजताका लागि आवश्यक मानवीय स्रोतको व्यवस्थापन गरिनेछ,

(ख) नागरिकको पहुँचलाई प्रभावकारी बनाउने उद्देश्यले एकद्वार प्रणालीको विकास, स्थानीइ सरकारमा सेवा सहायता कक्षाको स्थापना तथा दुर्गम क्षेत्रमा घुम्ती सेवा प्रवाह व्यवस्था गरिनेछ, र

(ग) मानव संसाधनको क्षमता अभिवृद्धि गर्दै सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता सुनिश्चित गर्न सेवा अनुगमन संयन्त्रको व्यवस्थापन गरिनेछ।

१०.७. स्थानीय सञ्चारमाध्यम तथा खुला मञ्चहरूमार्फत नागरिकलाई आफ्ना विचार, माग तथा सुझाव अभिव्यक्त गर्ने वातावरण सृजना गरिनेछ।

(क) स्थानीय सञ्चारमाध्यमहरूसँग सहकार्य गरी सूचना प्रवाह र नागरिक सरोकारका विषयवस्तु उजागर गरिनेछ,

(ख) खुला मञ्च तथा नागरिक संवाद कार्यक्रम सञ्चालन गरी नागरिकका विचार, माग र सुझाव संकलन गरिनेछ,

(ग) गाउँपालिका ले आफ्नो आधिकारिक बिद्युतीय प्रबिधि (डिजिटल प्लेटफर्म) को व्यवस्था गरी सो मार्फत वा प्रत्यक्ष रुपमा नागरिकको गुनासो, सुझावहरुलाई अभिलेख गर्न र सो उपर आवश्यक कारबाही गरिनेछ,

(घ) नागरिक संगठनहरूको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरी उनीहरूको सवाल र सुझावलाई नीति निर्माणमा सम्बोधन गरिनेछ।

१०.८. सरकारको कार्यप्रणालीमा पारदर्शिता, खुलापन र जवाफदेहिता प्रवर्द्धन गर्न सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगसम्बन्धी कार्यविधि तर्जुमा गरिनेछ र तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।

(क) सामाजिक जवाफदेहिताका औजार (जस्तै: सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक वडापत्र, गुनासोको व्यवस्थापन ) को प्रयोग सम्बन्धी कार्यविधि तथा मार्गदर्शन तयार गरिनेछ,

(ख) प्रत्येक कार्यालय तथा योजना/कार्यक्रममा सामाजिक जवाफदेहिता सुनिश्चित गर्न वार्षिक कार्यतालिका अनुसार सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ,

(ग) सामाजिक जवाफदेहिताका अभ्यासहरूको अनुगमन, मूल्याङ्कन तथा प्रभाव अध्ययन गरी सुधारका लागि पुनरावलोकन गरिनेछ,

(घ) जनप्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीलाई सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग र प्रक्रियाबारे अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ, र

(ङ) प्रयोग गरिएका सामाजिक जवाफदेहिताका औजारको परिणाम सार्वजनिक गरिनेछ र ती सुझाव/प्रतिक्रियालाई नीति, कार्यक्रम तथा सेवामा सम्बोधन गरिनेछ।

१०.९. गाउँपालिका मार्फत सञ्चालन गरिने विभिन्न विकास निर्माणका कार्यहरुमा नागरिकको सहभागिता गराइनेछ।

(क) समुदायमा स्तरमा सञ्चालन हुने बिभिन्न सामाजिक कार्य तथा अभियानहरुमा जनताको सहभागिता गराइनेछ, र

(ख) बिभिन्न समिति सञ्जालहरुमा समावेशी सहभागितालाई बिशेष ध्यान दिइनेछ।

## ११. संस्थागत संरचना

यो नीति कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्यांकन गर्न गाउँपालिका देहायको **नागरिक सहभागिता प्रवर्धन** समितिको स्थापना गरिनेछ।

(क) संयोजक, कार्यपालिकाको सुशासन तथा सेवा प्रवाह समितिको -संयोजक

(ख) कार्यपालिकाले मनोनित गरेको जनप्रतिनिधिहरु मध्येबाट एक जना महिला -सदस्य

(ग) कार्यपालिकाले मनोनित गरेको जनप्रतिनिधिहरु मध्येबाट एक जना दलित -सदस्य

(घ) गाउँपालिका स्तरीय बाल सञ्जाल प्रतिनिधि एक जना बालिका सहित दुई जना -सदस्य

(ङ) गाउँपालिका स्तरीय अपांगता भएका व्यक्तिहरुको सञ्जाल प्रतिनिधि, एक जना -सदस्य

(च) गाउँपालिका स्तरीय जनजाती तथा अल्पसंख्यक सञ्जाल प्रतिनिधि एक जना -सदस्य

(छ) गाउँपालिका स्तरीय लैंगिक तथा यौनिक अल्पसंख्यक सञ्जाल प्रतिनिधि एक जना -सदस्य

(ज)	प्रशासन शाखा प्रमुख -सदस्य-सचिव

उल्लेखित समितिको कार्यसञ्चालनका लागि कार्यपालिकाले आवश्यक कार्यविधि तयार गर्न सक्नेछ। नागरिकको समावेशी सहभागिता सुनिश्चित गर्न वडास्तरमा वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा समितिका कुनै सदस्यको संयोजकत्वमा वडा स्तरीय समिति गठन गर्न सकिनेछ।

## १२. **बित्तिय स्रोत व्यवस्थापन**

गाउँपालिका ले यो नीति कार्यान्वयनका लागि आफ्नै स्रोत, प्रदेश तथा संघीय सरकारको अनुदान र विकास साझेदार संस्थाबाट प्राप्त हुने सहयोग मार्फत स्रोतको व्यवस्थापन गरिनेछ।

## १३. **कानुनी व्यवस्था**

यो नीति कार्यान्वयन गर्न नीति निर्माण, योजना, बजेट, कार्यान्वयन, सेवा प्रवाह, जवाफदेहिता प्रवर्द्धन र अनुगमनमा जनताको सार्थक र प्रभावकारी सहभागिता सुनिश्चित गर्न आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गरिनेछ।

## १४. **जोखिम अनुमान र व्यवस्थापन**

कार्यापालिकाको कार्यव्यस्तता कारण नागरिक सहभागिताको बिषय जोखिममा पर्ने सम्भावना रहन्छ। स्थानीय तहको योजना तर्जुमाका सता वटा चरणहरु तथा त्यस अन्तर्गतका उपचरणहरुको प्रायाप्त अभ्यास नहुनु नागरिक सहभागिताका लागि चुनौतीको बिषय हुन सक्छ। त्यसैगरी स्थानीय तहको कानुन निर्माणका लागि प्रदेश कानुनले तोकेको प्रक्रिया अवलम्वन गर्नु पर्ने संवैधानिक व्यवस्था छ। यस व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेशले स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन,२०७५ जारी गरेको अवस्था छ। यस ऐनले तोकेको कानुन निर्माण गर्ने प्रक्रिया अवलम्बन नभएमा नागरिक सहभागिता जोखिममा पर्न सक्छ। तसर्थ नागरिक सहभागिता सम्बन्धी नीति तथा कानुनको पालना गरी जोखिमको व्यवस्थापन गर्न सकिन्छ। यसै गरी गाउँपालिका ले सुशासन प्रवर्द्धनका औजारहरुको प्रयोगको माध्यमद्वारा समेत सम्भावित जोखिमको व्यवस्थापन गर्न सकिन्छ। नागरिक संगठनहरुको राजनीतिक पुर्वाग्रहले नागरिक सहभागितामा जोखिम हुन सक्छ।

## १५. **अनुगमन मूल्यांकन**

यो नीतिको अनुगमन गाउँपालिका  र नागरिक सहभागिता प्रवर्दधन समितिले गर्नेछ। आवश्यकता अनुसार विषय विज्ञहरुद्वारा समेत आवधिक मूल्यांकन गरिनेछ।

## १६. **नीति पुनरावलोकन**

यस नीतिको प्रत्येक पाँच वर्ष वा आवश्यकता अनुसार कार्यान्वयनको मापन र पुनरावलोकन गरिनेछ।

## नागरिक सहभागिता कार्ययोजना

| क्षेत्र | उपक्षेत्र | कहिले | संलग्न हुन सक्ने | कानुनी आधार | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| संस्थागत सहभागिता | टोल विकास संस्था | जेठ असार | टोलबासी | | वडा अध्यक्ष |
| | विषयगत समितिमा सहभागीता | आवश्यकता अनुसार | सम्बन्धित बिषयका जानकार | | कार्यपालिका |
| योजना निर्माण प्रक्रिया | करको दर तथा दायरा निर्धारण | पुस महिना | सामाजिक संघ संगठन र आम नागरिक | | राजश्व परामर्श समिति संयोजक |
| | पूर्वबजेट छलफल | चैत्र | सामाजिक संघ संगठन र आम नागरिक | स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ | उपाध्यक्ष |
| | नीति तथा कार्यक्रम | बैशाख पहिलो हप्ता | बिषय विज्ञ र स्थानीय जानकार | | अध्यक्ष |
| | बस्ती भेला | बैसाख | आम बस्तीबासी | | वडाअध्यक्ष |
| | वडा स्तरमा लक्षित समूहको छुट्टाछुट्टै भेलाको आयोजना | बैसाख | आम बस्तीबासी | | वडाअध्यक्ष |
| | योजनको सार्वजनिकीकरण | श्रावण १५ गते भित्र | आम नागरिक | | प्रमुख प्रशासकीय अधिकृत |
| योजना कार्यान्वयन | उपभोक्ता समिति | श्रावण देखि असोज | उपभोक्ताहरु | | वडा अध्यक्ष |

| क्षेत्र | उपक्षेत्र | कहिले | संलग्न हुन सक्ने | कानुनी आधार | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| | रोजगारी | बर्षभरी | उपभोक्ताहरु | उपभोक्ता समिति परिचालन कार्यविधि | योजना शाखा |
| | सार्वजनिक परिक्षण (योजनाको कार्य सम्पन्न भएको मध्य तथा अन्त्यमा कम्तीमा २ पटक) | उपयुक्त समयमा | उपभोक्ताहरु | उपभोक्ता समिति गठन तथा परिचालन सम्बन्धी कार्यविधि | योजना शाखा र वडा कार्यालय |
| कानुन निर्माण | अवधारणा पत्रको विकास | आवश्यकता अनुसार | सम्बन्धित बिषयका बिज्ञ | | |
| | मस्यौदामा सुझाव संकलन | आवश्यकता अनुसार | सरोकारवाला सबै | | कार्यपालिकाको बिधेयक समिति |
| | राजपत्रमा प्रकाशन | आवश्यकता अनुसार | | | कानुन शाखा |
| सामाजिक जवाफदेहिता | सूचनाको हकको प्रयोग | | आम नागरिक जो सुकैपनि | | सूचना अधिकारी |
| | सार्वजनिक सुनुवाई | | आम नागरिक | | कार्यपालिका, वडा कार्यालय |

| क्षेत्र | उपक्षेत्र | कहिले | संलग्न हुन सक्ने | कानुनी आधार | मुख्य जिम्मेवारी |
|---|---|---|---|---|---|
| | सामाजिक परिक्षण | आर्थिक बर्षको पहिलो चौमासिकमा अघिल्लो आ ब को | आम नागरिक | | प्रमुख प्रशासकीय अधिकृत |
| | गुनासो सुनुवाई | | आम नागरिक | | गुनासो सुन्ने अधिकारी |
| | नागरिक बडापत्र | | आम नागरिक | | प्रमुख प्रशासकीय अधिकृत |
| विकास कार्यमा सहभागिता | गाउँपालिका ले सञ्चालन गर्ने बिभिन्न अभियान तथा विकासका कार्यहरु | निरंतर | सम्बन्धित स्थानीय समुदाय | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १२ | |

*नोटः उल्लेखित कार्ययोजनालाई गाउँपालिका ले आवश्यकता अनुसार बर्षेनी संशोधन परिमार्जन गर्न सक्नेछ।*